भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं. : २०८०।०८१
च.नं. : २६५

मिति: २०८०/०६/०२

**विषय:** संविधान दिवस मनाउने सम्बन्धमा ।

**श्री वडा कार्यालयहरु सबै,**
**श्री स्वास्थ्य संस्थाहरु सबै,**
**श्री सामुदायिक विद्यालयहरु सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्व) ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सं. २०८०/८१, चलानी नं. १२४, मिति २०८०/०५/२६ को पत्रानुसार आठौं संविधान दिवस, २०८० यही असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यताकासाथ मनाउने सम्बन्धमा देहाय बमोजिमको कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

१. गाउँपालिकाभित्र रहेका सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु एवं सामुदायिक विद्यालयहरुले राष्ट्रिय झण्डा एवं दिवस केन्द्रित ब्यानर सजाई कार्यालय र कार्यालय परिसर सरसफाई गर्ने,
२. सबै कार्यालयहरु तथा सार्वजनिक स्थलहरुमा असोज २, ३ र ४ गते साँझ दीप प्रज्ज्वलन गर्ने,
३. गाउँपालिकावासी आमनागरिकहरुलाई समेत आ-आफ्नो घर, टोल एवं सार्वजनिक स्थलहरुमा सरसफाई गर्ने र असोज ३ गते साँझ दीप प्रज्ज्वलन गर्न अनुरोध गर्ने,
४. गाउँपालिकाभित्र सञ्चालित स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट संविधानको महत्व सम्बन्धी रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरु प्रकाशन/ प्रशारण गर्ने व्यवस्था मिलाउने,
५. दिवस केन्द्रित रही अन्य विभिन्न कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने,
६. राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता एवं संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहिदहरुको आत्माको चीरशान्तीको कामना सहित उच्च-सम्मानसाथ श्रद्धासुमन अर्पण गर्ने व्यवस्था मिलाउने ।

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन केन्द्र :- कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन ।

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी. प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९८०१३३२३८३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np